# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

**आइक्यान मार्ग, सातदोबाटो, ललितपुर ।**

## कार्यक्षमता मूल्यांकनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**(प्रकाशन मिति : २०८०।०३।२९)**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त देहायका पदहरूमा कार्यक्षमता मूल्यांकनद्वारा बढुवामार्फत पदपूर्ति गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी सेवा सर्त विनियमावली, २०६६ (तेश्रो संशोधन २०८०) को विनियम १४.२ अनुसार तोकिएको सेवा अवधि पूरा गरी न्यूनतम शैक्षिक योग्यता हासिल गरेका तथा १४.१घ बमोजिम अयोग्य नभएका स्थायी कर्मचारीहरूले मिति २०८०/०४/१८ सम्ममा तोकिए बमोजिमको फाराम भरी आवश्यक सम्पूर्ण कागजातहरू संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन पेस गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी तथा रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कार बाही हुने छैन ।

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | तह | सेवा | समूह | संख्या |
|---|---|---|---|---|---|---|
| १ | १/०७९/८० | निर्देशक | ११ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | १ (एक) |
| २ | २/०७९/८० | सह निर्देशक | १० | प्रशासन | प्रशासन | १ (एक) |
| ३ | ३/०७९/८० | सह निर्देशक | १० | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | २ (दुई) |
| ४ | ४/०७९/८० | उप निर्देशक | ९ | प्रशासन | प्रशासन | २ (दुई) |
| ५ | ५/०७९/८० | उप निर्देशक | ९ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | ३ (तीन) |
| ६ | ६/०७९/८० | सहायक निर्देशक | ८ | प्रशासन | प्रशासन | १ (एक) |
| ७ | ७/०७९/८० | सहायक निर्देशक | ८ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | ३ (तीन) |
| ८ | ८/०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | १ (एक) |
| ९ | ९/०७९/८० | अधिकृत | ६ | प्रशासन | प्रशासन | १ (एक) |
| १० | १०/०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | २ (दुई) |

| तह | परीक्षा दस्तुर |
|---|---|
| तह ११ | रु. १,५००/- (एक हजार पाँचसय) |
| तह ९ र तह १० | रु. १,२००/- (एक हजार दुई सय) |
| तह ६, ७ र ८ | रु. १,०००/- (एक हजार) |
| तह ५ | रु. ४००/- (चार सय) |

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना

**(प्रकाशन मिति : २०८०।०३।२९)**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त देहायका पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी सेवा सर्त विनियमावली, २०६६ (तेस्रो संशोधन २०८०) को विनियम १४.१० अनुसार तोकिएको सेवा अवधि पूरा गरेका तथा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थायी कर्मचारीहरूले मिति २०८०/०४/१८ सम्ममा तोकिए बमोजिमको फाराम भरी आवश्यक सम्पूर्ण कागजातहरू संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन पेस गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी तथा रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन । साथै, आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदहरूको लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।

**आन्तरिक प्रतियोगितात्मक तर्फ**

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | तह | सेवा | समूह | न्यूनतम शैक्षिक योग्यता | संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ११/०७९/८० | सहायक निर्देशक | ८ | प्राविधिक | सूचना प्रविधि | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ वा कम्प्युटर साइन्स वा सूचना प्रविधि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | १ (एक) |
| २ | १२/०७९/८० | सहायक निर्देशक | ८ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्थाबाट सदस्यता प्राप्त गरेको । | १ (एक) |
| ३ | १३/०७९/८० | अधिकृत | ६ | प्रशासन | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । | १ (एक) |
| ४ | १४/०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण । | १ (एक) |

| तह | परीक्षा दस्तुर |
|---|---|
| तह ६,७ र ८ | रु.१,०००/- (एक हजार) |
| तह ५ | रु.४००/- (चार सय) |

## खुला र समावेशीतर्फका पदहरूको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**(प्रकाशन मिति : २०८०।०३।२९)**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त रहेका देहायका सेवा, समूहका खुला र समावेशी पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन दिनुपर्नेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | किसिम | पद संख्या | शैक्षिक योग्यता र कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | १५/ ०७९/८० | सहायक निर्देशक | ८ | प्रशासन | प्रशासन | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरहको उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत स्तरको पदमा ५ वर्षको कार्य अनुभव हासिल गरेको ।<br>तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भएपनि उम्मेदवार हुन सक्नेछ । |
| २. | १६/ ०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | महिला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत स्तरको पदमा दुइवर्षको कार्य अनुभव हासिल गरेको । |
| ३. | १७/ ०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | सूचना प्रविधि | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ वा कम्प्युटर साइन्स वा सूचना प्रविधि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत स्तरको पदमा दुई वर्षको कार्य अनुभव हासिल गरेको । |
| ४. | १८/ ०७९/८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | खुला<br>महिला<br>आ.ज | ३ (तीन)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थावाट सदस्यता प्राप्त गरेको । |
| ५. | १९/ ०७९/८० | अधिकृत | ६ | प्रशासन | प्रशासन | खुला<br>महिला<br>आ.ज. | २ (दुई)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ६. | २०/ ०७९/८० | अधिकृत | ६ | प्रशासन | कानून | महिला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| ७. | २१/ ०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | खुला<br>महिला<br>आ.ज. | १ (एक)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई) वा सो सरह उत्तीर्ण । |
| ८. | २२/ ०७९/८० | सहायक | ४ | प्रशासन | प्रशासन | खुला<br>महिला<br>आ.ज<br>मधेसी<br>दलित | ४ (चार)<br>१ (एक)<br>१ (एक)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण । |

**सेवाको किसिम** : स्थायी ।

**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता तथा चौथो र पाँचौं तहका लागि कम्प्युटर सिप परीक्षण समेत ।

**परीक्षा केन्द्र** : काठमाडौं ।

**दरखास्त बुझाउने स्थान** : Online माध्यम ।

**अपलोड गर्नुपर्ने कागजातहरू** : उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्रका सबै कागजातहरू साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजात संलग्न गर्नुपर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र अनिवार्य पेस गर्नुपर्नेछ । अनुभव आवश्यक पर्ने पदहरूका लागि अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई अनलाईनमा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ । पेशागत आवद्धता प्रमाणपत्र (Professional Membership Certificate) आवश्यक पर्ने पदको हकमा सोसमेत पेस गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति** : २०८०/०४/१८ र दोब्बर दस्तुर तिरी २०८०/०४/२५ सम्म बुझाउन सकिनेछ ।

**उम्मेदवारको उमेरको हद** : दरखास्त दिने अन्तिम मितिसम्म अधिकृत स्तरका लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र सहायक स्तरको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघको हुनुपर्नेछ । तर सहायक निर्देशक पदको हकमा दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । संस्थामा कार्यरत स्थायी कर्मचारीहरूलाई उपरोक्तानुसारको उमेर हद लाग्नेछैन ।

**पदमा रही गर्नुपर्ने काम र स्थान** : संस्थाको व्यवस्थापन अन्तर्गत रही तोकिए बमोजिम कार्य गर्नुपर्ने । नियुक्त हुने कर्मचारीहरूलाई संस्थाको आवश्यकता अनुसार केन्द्रीय कार्यालय र उपत्यका बाहिरका शाखा कार्यालयहरूमा पदस्थापन गरिनेछ ।

**परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : अनलाईन (Online) दरखास्त फाराम Submit गरे पश्चात् बुझाउनु पर्ने परीक्षा दस्तुर eSewa, Connect IPS मार्फत बुझाउनु पर्नेछ । तोकिए बमोजिमको रकम जम्मा नगरेमा अनलाईन दरखास्त फाराम रीतपूर्वक नभएको मानिनेछ ।

**दरखास्त दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि माथि उल्लेखित कुनै एक विधिबाट ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिसम्म तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाइ सक्नुपर्नेछ ।

**तलब तथा सेवा, सुबिधा** : संस्थाको नियम अनुसार ।

**सम्पर्क मिति** : २०८०/०४/३२

**लिखित परीक्षा मिति** : लोक सेवा आयोगबाट लिखित परीक्षाको कार्यक्रम तय भए पश्चात् लोक सेवा आयोग र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको Website मा प्रकाशन गरिनेछ ।

**परीक्षा दस्तुर** : प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समावेशी समूहका लागि थप दस्तुर |
|---|---|---|
| तह ८ | रु. १,०००/- (एक हजार) | रु.४००।- (चार सय) |
| तह ६ र ७ | रु. १,०००/- (एक हजार) | रु.४००।- (चार सय) |
| तह ५ | रु. ४००/- (चार सय) | रु.२००।- (दुई सय) |
| तह ४ | रु. ३००/- (तीन सय) | रु.१५०।- (एक सय पचास) |

### समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल (फोटोकपी) समेत साथमा लिई आउनु पर्नेछ ।

(क) **आदिवासी ⁄ जनजातिका हकमा** : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) **मधेसीका हकमा** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) **दलितका हकमा** : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) **अपाङ्गका हकमा** : समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

**द्रष्टव्य** :

१. प्रत्येक सेवा अन्तर्गत खुल्ला तथा समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङमा लिइनेछ ।
२. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदका लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनपर्नेछ ।
३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन ।
४. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
५. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।
६. परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
७. पाठ्यक्रम संस्थाको वेबसाइट www.ican.org.np बाट प्राप्त गर्न सकिने छ ।
८. सूचना सम्बन्धी सोधपुछ तथा सम्पर्कका लागि टेलिफोन : ०१-५५३०८३२, ०१-५५३०७३०, इमेल : hr@ican.org.np


**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
The Institute of Chartered Accountants of Nepal
(Established under The Nepal Chartered Accountants Act - 1997)
ICAN Marg, Satdobato Lalitpur
Post Box No. : 5289, Ph.: 5530730, 5530832
Web: http://www.ican.org.np, Email: ican@ntc.net.np